# शिलबन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावार लिलाम बिक्री सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/१०/१० गते

यस सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.न २७८८ मितिः २०८१/११/२७ को वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ र दाउराहरु मध्ये आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरुलाई डिभिजन वन कार्यलय बाँकेको च.न २०14 मितिः २०८२/०९/२५ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दी मा रहेका साल, सिरिष र धौटी जातका कुल जम्मा गोलिया थान ५६ को ४८२.९२ क्यू.फिट काठ तथा साल जातको ३.५ चट्टा दाउरा र अन्य जातको १ लाई हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नु पर्ने भएकाले यो सुचना प्रकाशित गरिएको हो। ईच्छुक वन पैदावरको लिलाम बिक्रीमा भाग लिनका लागि डिभिजन वन कार्यालयमा सुचीकृत भएका स:मिल वा कम्पनीले यो पहिलो पटक सुचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र सिलबन्दी बोलपत्र खरिद गर्न र २२ दिन भित्र सिलबन्दी बोलपत्र दर्ता गर्न आहवान गरिन्छ। यस सम्बन्धी बिस्तृत जानकारीको लागी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ।

## श्री पशुपतिनाथ सामुदायिक वन उपभोक्ता समूह

डुडुवा-०५, बाँके

# अचम्म लाग्न सक्दछ

## यस कारण पनि स्मरणशक्ति घट्छ ?



ओम बानियाँ

हिजोआज कब्जियत (कन्सटिपेसन) को समस्या निकै बढेको छ, बुढापाकाको कुरा परै छोडौं, युवा तथा बालबालिकालाई समेत कब्जियतले सताउन थालेको छ । घरघरमा कब्जियतका विरामीहरु छन् । अहिले कब्जियत पेटको एक आम समस्या बनेको छ । यदि यो समस्या लामो समयसम्म रहेको खण्डमा मलको विषाक्त प्रभावले सम्पुर्ण शरीरलाई दूषित बनाई पाचन प्रणालीलाई तहसनहस नै पारिदिन्छ । त्यो किनभने शरीरलाई स्वस्थ तथा सुदृढ राख्न पाचन प्रणाली स्वस्थ, सुदृढ र विकाररहित हुनु अनिवार्य छ । यदि पाचन प्रणालीले ठीकसँग कार्य गरेन भने खायपियको पदार्थ राम्रोसँग पच्दैन, मल राम्रोसँग निस्कासन हुँदैन र शरीर दूषित भई अनेकौं रोगहरू उत्पन्न हुने गर्दछन् । त्यसैले कब्जियलाई रोगहरूको प्रमुख कारण मानिन्छ । बवासिर (पाइल्स) तथा फिसर जस्ता रोगहरुको मूल कारण पनि कब्जियत नै हो । कब्जियतले शारीरिक रोगहरु मात्र होइन कि मानसिक समस्याहरु पनि पैदा गर्दछ । त्यसैले यस लेखमा कब्जियत र कब्जियत पैदा गर्ने शारीरिक तथा मानसिक

**कब्जियत के हो ?**

दुईचार दिनसम्म दिसा नलाग्नु, कम दिसा हुनु वा दिसा खलास नहुनु, कठिनाइका साथ सारो दिसा लाग्नु वा गोटा पर्नुको समस्या नै कब्जियत हो । मेडिकल दृष्टिमा दिनको तीन पटकदेखि हप्ताको तीनपटक दिसा हुनु सामान्य मानिन्छ तर हप्ताको तीनपटक भन्दा कम दिसा भयो भने त्यसलाई कब्जियत भनिन्छ । तर, आर्युवेद तथा प्राकृतिक चिकित्साका अनुसार बिहान-बेलुकी नियमित समयमा, शीघ्रतापूर्वक तथा पूर्णरूपमा दिसा हुँदैन भने त्यसलाई कब्जियत भएको मानिन्छ । बिहान उठ्नासाथ दिसा जाने तीव्रता आओस्, शौचालयमा बस्नेबित्तिकै, प्रतिक्षा नगरिकनै, बिना जोड लगाएर तथा पूर्णरूपमा दिसा भएर पेट साफ भयो, यसै प्रकारले साँझ पनि दिसा भयो भने यो स्वास्थ्यको स्थिति हो, अन्यथा कब्जियतको स्थिति मान्नुपर्दछ ।

**कब्जियतको लक्षणः**

धेरै दिनसम्म दिसा नहुनु वा कठिनाइले दिसा हुनु, दिसा भएपनि राम्रोसँग खलास नहुनु वा गोटा पर्नु कब्जियतको प्रमुख लक्षण हो । यसै गरी कब्जियतका कारण सिरदर्द, पेटमा भारीपन, ग्याँस, डकार, सास दुर्गधयुक्त हुनु, आलस्य, अनिद्रा, बेचैनी, स्मरणशक्तिको कमी, चक्कर तथा त्वचा रोगहरु जस्ता विकार पैदा हुनु । कब्जियतका कारण देखा पर्ने यस्ता समस्याहरुले मानिसको दैनिक क्रियाकलापमा असर पार्नु ।

कब्जियत रोग नभएर लक्षण हो । मल निस्कासन गर्ने ठुलो आन्द्राको गति सामान्यभन्दा कम भयो भने कब्जियतको समस्या देखा पर्छ । ठुलो आन्द्राको गतिलाई विभिन्न कुराहरुले प्रभाव पार्छन् । जस्तै, कम तरल पदार्थ पिउनु, अनुचित भोजन गर्नु, ठीक समयमा खाना नखानु, ठिक समयमा दिसा नजानु, दिसा रोक्नु, उमेर, शारीरिक गतिविधिका कमी तथा विभिन्न रोग, जस्तै क्यान्सर, थायराइडिज्म आदि । कतिपय औषधीहरुका कारण पनि कब्जियत देखा पर्छ तर कब्जियतको प्रमुख कारण तनाव हो ।

**हेल्थ फर्स्ट**



**मस्तराम लामो समयदेखि कब्जियतबाट पीडित थिए । उनाई २/३ दिनको अन्तरमा मात्र दिसा लाग्थ्यो तर पनि पूरा पेट साफ हुँदैन्थ्यो । कब्जियतकै कारण उनलाई पाइल्सको समस्या पनि थियो । अनेक उपाय गर्दा पनि उनको कब्जियत ठिक भएको थिएन । एक दिन उनी डा.कोर्टेक्सको क्लिनिकमा गए । डा.कोर्टेक्सले उनको शारीरिक तथा मानसिक परीक्षण गरे । अनि तनाव र नाइटो सरेको (नवेल डिस्प्यालेसमेन्ट) को कारण कब्जियत भएको निचोड निकाले र तनाव व्यावस्थापन तथा नेवेल थेरापीद्वारा मस्तरामको उपचार गेर । अहिले मस्तराम मस्त छन् ।**

**कब्जियत र स्मरणशक्तिः**

कब्जियतका कारण पाचन प्रणाली त तहसनहस हुन्छ, हुन्छ, स्नायुप्रणालीमा पनि दबाब पर्छ । जसले गर्दा मानिसको शारीरिक तथा मानसिक कार्य क्षमता घट्छ । बेचैनीका कारण कब्जियतबाट पीडित मानिसले ठिकसँग सोच्न र निर्णय गर्न सक्दैन । सिरदर्द र अनिद्रा आदिले गर्दा एकाग्रता तथा स्मरण शक्ति पनि घट्छ । थकाइ लाग्छ, काम गर्न तथा पढाइलेखाइमा अभिरुचि लाग्दैन । यहाँ उल्लेखनीय कुरा के भने मानिसलाई खुसी राख्ने ९५ प्रतिशत स्नायुरसायन सेरोटोनिन (फिल गुड हार्मोन) पेटमा नै पैदा हुन्छ । त्यसैले कब्जियतका कारण स्नायुरसायन सेरोटोनिन पर्याप्त मात्रामा निस्कासन नहुन सक्दछ । सेरोटोनिनको कमीले डिप्रेसनलगायतका मानसिक समस्याहरु पैदा हुन्छन् । त्यसैले विद्यार्थीले यस कुराप्रति ध्यान दिनुपर्छ र आफू कब्जियतबाट पीडित भएको खण्डमा शीघ्र उचित उपचार गर्नुपर्छ ।

**कब्जियतको घरेलु उपचारः**

बिहान उठ्नेबित्तिकै कुल्ला गरेर एक गिलास पानीमा पिउने । त्यसपछि एक गिलास तातो पानीमा एउटा कागती निचोरेर पिउने । अनि मात्र दिसा जाने । दिसा नरोक्ने । दिसा लागे पनि नलागे पनि बिहानबेलुकी, दिनको दुईपटक दिसा जाने बानी बसाल्ने । साँझ पनि दिसा जाने आदत बनाउने ।

मनमस्तिष्कलाई शान्त राख्ने । प्रसन्न मनले आरामसँग बसेर ठिक समयमा भोजन गर्ने । भोजन गर्दा आरामसँग बसेर भाजनलाई मज्जासँग चपाएर खाने । मैदा, वेसनका परिकारहरू तथा चिल्लो-पिरो तथा मसालेद्धार भोजन नगर्ने । भोजनको साथमा गाजर, मुला, काँक्रो, प्याज, बन्दगोपी, हरियो धनियाँ, पालुंगोको पत्ता तथा मुलाको पत्ता आदिको सलाद खाने । प्रशस्त पानी पिउने, तर भोजनसँग पानी नपिउने । साँझको भोजन पेटभरी नगर्ने । शारीरिक कार्यहरु गर्ने । व्यायाम तथा योगासनहरु गर्ने । दिनहुँ बिहान-बेलुकी, दिनको दुईपटक पेट बिलकुल ठिक हुने दृढ विश्वासको साथमा पेटमा ध्यान दिँदै १५-२० मिनेट कपालभाति प्राणायाम तथा १० पटक अग्निसार क्रिया गर्ने । कालो हर्रोलाई घिउमा भुटेर चुर्ण बनाउने र बराबर मात्रामा बिरेनुनको धुलो मिसाएर राख्ने । अनि राती सुत्ने बेलामा आधादेखि एक चम्चा चूर्ण मनतातो पानीसँग सेवन गर्ने । यो प्रयोग हप्ताको एक वा दुई पटक गर्ने । कुनै मानसिक तथा शारीरिक समस्याहरु भएको खण्डमा त्यसको उपचार गर्ने ।

**अन्य घरेलु औषधीहरुः**

सुत्ने बेलामा एक गिलास दुध वा पानीमा १-२ चम्चा इसवगोल हालेर पिउनाले कब्जियत फाइदा गर्छ । बिहान खाली पेट सुन्तलाको एक गिलास रसमा आधा चम्चा नुन मिलाएर पिउने हो भने पुरानोभन्दा पुरानो कब्जियत पनि ठिक हुन्छ । राती दुईटा सानो हर्रो एक गिलास पानीमा भिजाएर राख्ने र बिहान त्यसलाई मसलेर बाँकी बचेको हर्रो खाँदै पानी पिउने । यो प्रयोग सधैँभरि नै गर्न सकिन्छ । आधा चम्चा जुवानो एक गिलास मोहीमा हालेर खाने हो भने पनि कब्जियतमा फाइदा गर्दछ । बिहान खाली पेट र बेलुकी भोजनसँग स्याउ खाने हो भने कब्जियत हुँदैन । बिहान खाली पेट १ गिलास लौकाको रस खाने हो भने पेट पुर्णतया साफ हुन्छ । यसको साथै पेटका समस्त विकारहरू निर्मुल हुन्छन् । हृदयको कार्यशक्ति पनि बढ्छ । नियमित रूपमा मेवा खाने हो भने पनि कब्जियत हुन पाउँदैन । उपर्युक्त उपायहरूमध्ये आफूलाई उपयुक्त उपायको साथै महिनामा एकपटक कुञ्जल क्रिया र छ-छ महिनामा शंख प्रक्षालन गर्ने हो भने कब्जियतलगायत पेटका अनेक रोगहरुबाट जोगिन सकिन्छ ।

**कब्जियतमा सेवन योग्य पदार्थः**

गहुँ, जौ, चना आदिको चोकरयुक्त आटा, मुँग, करेला, परवल, लौका, फर्सी, काक्रो, पालुंगो, बेथे, लहसुन, मेथी, हर्रो, बर्रो, अमला, हरियो सागपात, मौसमी फलफूल, इसवगोल, मेवा, प्रशस्त्र मात्रामा पानी, व्यायाम, योगासन तथा दैनिक ४-५ किलो मिटरको हिडाइँ तथा दौडाइ ।

**कब्जियतमा सेवन अयोग्य पदार्थः**

चिल्लो, पिरो, अमिलो, सेतो चामल, चिनी, मौसमी, वेसन र मैदाका परिकार, फास्टफुड, जंकफुड, माछामासु, दिउँसो सुत्ने बानी, धूम्रपान र मद्यपान, अध्याधिक तनाव, शारीरिक परिश्रम तथा व्यायामको नगर्नु ।

## शुक्लाफाँटामा जलपक्षीको संख्या बढ्यो

कञ्चनपुर, माघ ९ । शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज तथा आसपासका सिमसार क्षेत्रमा यस वर्ष जलपक्षीको संख्या बढेको पाइएको छ । हालै गरिएको जलपक्षी गणनामा ८२ प्रजातिका २५ हजार ६६० जलपक्षी भेटिएका छन् । जुन गत वर्षको तुलनामा तीन हजार ५०० बढी रहेका छन् ।

सिकारी ताल, रानी ताल, बाबा ताल, सलगौरी ताल, राधापुर सिमसार क्षेत्र, महाकाली नदी, चौधर नदी तटीय क्षेत्र तथा निकुञ्ज बाहिरको पुरैनी ताल, रतनपुर सिमसार क्षेत्र र बन्दा ताललगायत क्षेत्रमा जलपक्षी गणना गरिएको हो । गत वर्ष करिब २१ हजार आठ हजारको हाराहारीमा जलपक्षी गणना गरिएको थियो । यस वर्षको गणनामा सिकारी ताल र पुरैनी तालमा सबैभन्दा बढी जलपक्षी देखिएका छन् ।

नेपाल पक्षी संरक्षण संघ (विसिएन) का वरिष्ठ चराविज्ञ हिरुलाल डगौराका अनुसार गणनाका क्रममा महाकाली नदीमा ६४५, रानी तालमा २२७, राधापुर सिमसार क्षेत्रमा २१२, रतनपुर फार्मल्यान्डमा ६१८, तारातालमा ४५०, कालिकिचमा ५३, सिकारी तालमा सबैभन्दा बढी २० हजार ९४९, पुरैनी ताल बेलौरीमा एक हजार ५५४, नकैया सिमसारमा ७०, गडविजुला तालमा १३० र बन्दा ताल बेलौरीमा २८१ जलपक्षी देखिएका छन् ।

शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको अगुवाइमा राष्ट्रिय प्रकृति संरक्षण कोष शुक्लाफाँटा, जेडएसएल शुक्लाफाँटा नेपाल, नेपाल पक्षी संरक्षण संघ (बिसिएन), मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति, हिमाली प्रकृति, आरडब्लु, नेचर गाइड एसोसिएसन, रानाथारू होमस्टे, कञ्चनपुर पन्छी संरक्षण समूह र नेपाल पक्षीविद् संघको संयुक्त सहभागितामा जलपन्छी गणना गरिएको हो । चराविज्ञ हिरुलाल डगौंराले विगतका वर्षको तुलनामा निकुञ्जभित्रको सिकारी ताल तथा निकुञ्ज बाहिरका पुरैनी ताल, नकैया सिमसारलगायत क्षेत्रमा जलपन्छीको संख्यामा सुधार आएको देखिएको बताए । पुरैनीताल, बन्दाताल र रानीताल मिचाहा प्रजातिका वनस्पतिका कारण क्रमशः पुरिँदै जान थालेकाले संरक्षण अत्यावश्यक रहेको उनले उल्लेख गरे ।

चराविज्ञ डगौंराका अनुसार यस वर्ष महाकाली नदीमा पानीको बहाव कम देखिएको छ भने निकुञ्जभित्रको रानी तालमा नकर्ट, जलकुम्भी जस्ता वनस्पति फैलिँदा तालको सौन्दर्य घट्दै गएको छ । यद्यपि, सिकारी तालमा जलपन्छीको उपस्थिति अघिल्ला वर्षको तुलनामा निकै राम्रो देखिएकाले उत्साहजनक रहेको उनको भनाइ छ । 'चराको संख्या बढे पनि बासस्थान भने सङ्कटमा पर्दै गएको छ,' उनले भने,'सिमसार क्षेत्रमा बढ्दो अतिक्रमण, अवैज्ञानिक माछापालन, नदीजन्य पदार्थको दोहन र जलवायु परिवर्तनका कारण जलपक्षीको बासस्थानमा चुनौती थपिएको छ ।'

शुक्लाफाँटा राष्ट्रिय निकुञ्जका संरक्षण अधिकृत विनयकुमार झाले तालहरूको निरन्तर संरक्षणका कारण जलपन्छीको सङ्ख्यामा सुधार देखिनु सकारात्मक सङ्केत भएको बताए । उनले सिमसार र चराचुरुङ्गीलाई केवल संरक्षणमा मात्र सीमित नराखी पर्या-पर्यटनसँग जोड्नुपर्नेमा जोड दिए । 'तालहरूको प्राकृतिक स्वरूप नबिग्रने गरी वैज्ञानिक व्यवस्थापन गर्दै चरा र सिमसारलाई पर्यटनको माध्यम बनाउनु आवश्यक छ,' संरक्षण अधिकृत झाले भने,'चरा अवलोकनका लागि पर्यटक आउने ठुलो सम्भावना रहेकाले यसको व्यापक प्रचार-प्रसारसँगै संरक्षणमा सबै पक्षको सहकार्य अपरिहार्य छ ।'

संरक्षण अधिकृत झाले चरा र सिमसारको संरक्षणबाट एकातिर जैविक विविधता जोगिने र अर्कोतिर पर्यटनमार्फत राजस्वमा वृद्धि हुने बताए । यस कार्यका लागि निकुञ्जका साथै सबै सरोकारवाला निकाय र सहयोगी संस्थाहरूको सक्रिय सहभागिता तथा निरन्तर सहयोगको अपेक्षा गरिएको उनको भनाइ छ ।

# निर्वाचनमा नयाँ पुस्ता



शोभाकर पराजुली

'एक स्वतन्त्र अनि सार्वभौम नागरिकका लागि मतदान बहुमूल्य अधिकार हो । लोकतान्त्रिक समाजमा हामीसँग भएको यो सबैभन्दा शक्तिशाली अहिंसात्मक हतियार हो, जसलाई हामीले परिवर्तनका लागि प्रयोग गर्नै पर्छ' अमेरिकी राजनीतिज्ञ जोन लेविसले लोकतन्त्र र मतदानलाई हरेक स्वतन्त्र नागरिकको अधिकार मात्रै नभएर एक विवेकशील नागरिकका लागि देशप्रति निर्वाह गर्नुपर्ने अमूल्य कर्तव्य भनेका छन् ।

हरेक राष्ट्रका लागि एक सभ्य, सुसंस्कृत र उत्तरदायी शासन व्यवस्थाका निम्ति निर्वाचन एक अपरिहार्य परिचक्र हो । जसबाट शासकमाथि प्रश्न गर्न पाउने नागरिकको अधिकार अनि जनतालाई जवाफ दिनुपर्ने राज्यको उत्तरदायित्वलाई सन्तुलित र बरकरार राख्छ । त्यसैले स्वतन्त्र समाजमा निर्वाचनको अपरिहार्यता भएको हो । यो आधुनिक युगको एक त्यस्तो उदाहरण पनि हो, जहाँ जनताको आफ्नो शक्ति निहित हुन्छ र त्यसको भय सधैँ शासक वर्गमाथि रहन्छ । लोकतन्त्रमा त्यो शक्ति भनेको नागरिकसँग भएको एक मात्र सार्वभौम हतियार हो । निर्वाचन आमरूपमा स्थापित विश्वव्यापी लोकतन्त्रको पहिलो सर्त पनि हो । त्यस कारण पनि लोकतन्त्रमा निर्वाचन भनेको अझ उन्नत लोकतन्त्रको एक सुन्दर अभ्यास मात्रै नभएर त्यसलाई निखार्ने एक माध्यम पनि हो । जहाँ जनताका प्रश्न अनि उम्मेदवारका जवाफदेहिताबाट राष्ट्रको भविष्य रेखा कोर्न सकिन्छ र बदल्न सकिन्छ ।

निर्वाचनका अनेकन प्रकार हुन्छन् । आआफ्नै विधि र प्रक्रिया हुन्छन् । सामान्यतया नागरिकले गोप्य मतदानमार्फत आफ्ना प्रतिनिधि चुनेर शासनसत्ताको बागडोर वा नीति निर्माणको तहमा आफैँलाई पुऱ्याए जत्तिकै भान हुनु वा महसुस हुनु नै मतदान अर्थात् निर्वाचन हो । एक सार्वभौम राष्ट्रका स्वतन्त्र नागरिकको जीवनमा यसले परिवर्तन अनि आफ्ना आवश्यकताका मानक स्थापित गर्न आफ्ना प्रतिनिधिमार्फत छनोट व्यक्त गरिरहेका हुन्छन् । लोकतन्त्रका लागि चुनाव आत्मा पनि हो । जसले जनता र शासकवर्गलाई सधैँ एउटै डोरीमा बाँधिराख्छ । त्यो भनेको जवाफदेहिता हो र लोकतन्त्रमा त्यो अति नै अनिवार्य सर्त पनि हो ।

हाम्रो सिङ्गो राष्ट्र यतिबेला फेरि एउटा निर्वाचनका लागि होमिएको छ । नियमित हुने निर्वाचनभन्दा यसपालिको यो निर्वाचन अलि विशिष्ट समयमा भइरहेको छ । खासगरी भन्ने हो भने २०८२ भदौ २३ को जेनजी विद्रोह अनि अर्को दिनको विध्वंसपछि देशमा जुन उथलपुथल भयो त्यो असाध्यै पीडादायी र भयानक भयो । तथापि लोकतन्त्रमा हरेक विद्रोह स्वीकार्य हुन्छ । राज्यले त्यसलाई सुन्नुपर्छ । राजनीतिक दलले त्यसलाई स्विकार्नु पर्छ र समाजले त्यसलाई आत्मसात् गर्नैपर्छ । परिवर्तनका खातिर हरेक पुस्तालाई विद्रोहको अधिकार छ तर त्यसबाट सिर्जित जुन परिस्थिति भयो त्यो भने अप्रत्याशित नै थियो । नेपालमा भएका हरेक विद्रोहका स्वरूप हेर्दा ती आआफ्नै भिन्नभिन्न प्रकृति छन् । स्वभाव छन् । निश्चित उद्देश्य अनि लक्ष्य जोडिएका छन् तर यो प्रकारको विध्वंस भने इतिहासमा कहिल्यै भएको थियो । त्यसको मतलब त्यो विद्रोहको भाव खराब थिएन, बरु त्यस क्रममा धमिलिएको समयभित्र जसरी घुसपैठ गरेर विद्रोहको आत्मालाई नै खरानी बनाइयो, त्यसको चर्को मूल्य आज राज्यले नै चुकाउन परिरहेको छ । त्यसको सजाय देशले पाइरहेको छ ।

हाम्रो प्रजातन्त्र, लोकतन्त्र, हाम्रा नागरिक अधिकार राष्ट्र अनि राष्ट्रियताले त्यसको ठुलो मूल्य अझै कैयौँ पुस्तासम्म चुकाउनुपर्ने छ । यो सत्य मात्रै होइन त्यही विध्वंसको एक शाश्वत तथ्य पनि हो । यद्यपि त्यो परिवर्तनको एक बिगुल थियो । विद्रोह चेतको त्यो विस्फोटले हाम्रा सामाजिक, राजनीतिक र यस्ता कैयौँ संरचनामाथि जबर्जस्त हमला गरेको थियो । जो परिवर्तनको एक आह्वान पनि थियो । भ्रष्टाचार, कुशासन अनि अपहृत आत्मसम्मानले किचिएका नवपुस्ताको त्यो विद्रोह चेतले गर्दा नै अहिलेको राजनीतिक अनि सामाजिक परिस्थिति, सोच, चिन्तन र मनन बदलिन थालेका छन् । परिवर्तन भनेको यस्तै हो र यसै गरी नै हुने हो । त्यो विद्रोहलाई राज्यले आत्मसात् गरिसकेको छ । थोत्रिएको अनि मक्किइसकेको राजनीतिक संरचना अलि अलि भए पनि बदलिन थालेका छन् ।

'शासकीय' राजनीतिक नेतृत्वको सोच परिवर्तन हुन थालेका छन् । नवपुस्ताले बगाएको त्यही रगत अब देशका लागि परिवर्तनको एक महान् मानक पनि बन्न सक्छ । त्यसकै परिणाम वा भनौँ त्यो विद्रोहले बिथोलेको राजनीतिक संरचनालाई त्यही विद्रोहको भाव अनुसार पुनर्संरचना गर्नका निम्ति नै अहिले निर्वाचनमा होमिएका हौँ । संविधानतः आमनिर्वाचनका लागि अझै पनि केही समय बाँकी नै छ । तथापि हामी फेरि एकपटक विद्रोह अनि राजनीतिक विकेकले भरिएका जनतामाझ नयाँ 'जनमत' लिन कस्सिएका छौँ । यो कुनै राजनीतिक अहम् वा परिस्थिति बिग्रिएर कसैको स्वार्थमा हुन लागेको मध्यावधि वा आवधिक चुनाव होइन । बरु समय र नागरिकको अभिमत विस्फोटको आवश्यकताले निम्त्याएको यो ऐतिहासिक 'आकस्मिक' निर्वाचन हो ।

त्यस कारण पनि नेपालको राजनीतिक इतिहासमा यो निर्वाचनको आफ्नै महत्व सदा रहिरहने छ । यो फगत कुनै व्यक्ति वा राजनीतिक दललाई सत्तामा पुऱ्याउनका लागि गरिएको निर्वाचन मात्रै होइन । खरानी भएको देशलाई माथि उठाउन, राष्ट्रियता जोगाउन अनि सिङ्गो राष्ट्रको भविष्य निर्माणका लागि पनि यो चुनाव अपरिहार्य थियो । राष्ट्र, राष्ट्रियता अनि आमनागरिकका भावना र सपना खरानी भएको यो समयमा हामी फेरि त्यही खरानी खोस्रिएर उठ्ने तरखरमा छौँ । तसर्थ पनि यो निर्वाचनसँग मात्रै सत्ता, सरकार वा त्यसको शक्ति स्थापनाको स्वार्थ मात्रै नभएर हाम्रो राष्ट्रिय जीवनसँग पनि जोडिएको एउटा परीक्षा पनि हो ।

जेनजी विद्रोहको जगमा बनेको अनि निर्वाचन गराउने मुख्य अभिभारा बोकेको अन्तरिम सरकारले फागुन २१ गतेका लागि घोषणा गरेको चुनावका लगभग महत्वपूर्ण चरण अब पूरा भएका छन् । उम्मेदवारी दर्तासँगै अब सबै उम्मेदवार अनि राजनीतिक दल आआफ्नो चुनावी अभियानमा होमिइसकेको अवस्था छ । काल, परिस्थिति यथावत् रहे अबका ४१ औँ दिनमा देशमा स्वच्छ अनि निष्पक्ष मतदान भइसकेको हुने छ । त्यसका लागि सरकारले पनि आआफ्नो बलबुँताले भ्याएसम्म भरपुर प्रयास गरेको देखिन्छ ।

जनविश्वासमा खोटो देखिएका राजनीतिक दलहरू, तिनका उम्मेदवार (नेता) हरू अनि आफूलाई जनताबाटै परिक्षित गराउन मैदानमा उत्रिएका सबै 'स्वतन्त्र' उम्मेदवार यति बेला मतदाताका घरघरमा पुग्न थालिसकेका छन् । निर्वाचन भनेको मात्रै जनतासँग भोट माग्ने 'रमिता' होइन, बरु यो भनेको जनताको प्रश्नको सही र साँचो जवाफ दिनुपर्ने एक बाध्यात्मक परिस्थिति पनि हो । जसबाट फेरि जनताले आफ्नो अभिमतमार्फत आफ्ना प्रतिनिधिलाई शासनसत्तामा पुऱ्याउँछन् ।

त्यसैले लोकतन्त्र भनेको हरेक नागरिकको संवैधानिक अधिकार र कर्तव्य हो । सँगसँगै निर्वाचन भनेको एक आमनागरिकको आफ्नो विवेकको परीक्षा पनि हो । देशमा धेरै प्रकारका धेरै चुनाव भइसकेका छन् र भइरहन्छन् । पटकपटक मतदाताले आफ्नो विवेकको मत प्रयोग गरेर आफ्ना प्रतिनिधि छानोट गर्ने लोकतन्त्रको यो महाउत्सव पनि हो । त्यसमा पनि यसपटकको निर्वाचनको आफ्नै विशिष्टता छ, त्यो भनेको परिस्थितिको विशेषता हो । यस्तो अवस्थामा कसरी आफ्ना प्रतिनिधि छनोट गर्ने भन्ने सार्वभौम अधिकार र विवेक आममतदातामै निहित हुन्छ । हामीले अहिलेसम्म छानेका, चुनेका अनि मत बुझाएका प्रतिनिधिले हाम्रा लागि के कति गरे ? त्यसको निर्मम समीक्षा गर्ने उपयुक्त समय नै यही हो ।

देशका लागि कस्तो नेतृत्व चाहिन्छ, हाम्रो आगामी पुस्ताको भविष्य हामीले कस्तो नेतृत्वलाई सुम्पिँदै छौँ भन्ने कुराको राम्रो हेक्का गर्न सक्ने विवेकशील मतदाताले मात्रै देशको भविष्यमाथि न्याय गर्न सक्छ ।

विवेकपूर्ण मतदानबाट मात्रै हामी असली रूपमा परीक्षित हुन सक्छौँ किनकि एउटा नेतृत्व असफल हुनु भनेको मात्रै ऊ असफल हुनु होइन त्यो जिम्मेवारी वा उत्तरदायित्वको एक हिस्सा हामी आममतदाता पनि रहन्छौँ । अनि त्यसको मूल्य हाम्रो राष्ट्र र राष्ट्रियताले लामो समयसम्म चुकाइरहनुपर्ने हुन्छ । त्यसैले मतदान र मतदाताको विवेकबिच अन्योन्याश्रित सम्बन्ध रहन्छ । उसै युग फेरिएको छ, समय फेरिएको छ अनि मान्छेका चेतना फेरिएका छन् । प्रविधिले साँघुरो बनाइराखेको यो वैश्विक युगमा जनता आफैँ सचेत छन् र विवेकशील छन् ।

यो विशिष्ट परिस्थितिमा हुन लागेको विशिष्ट विशेषता बोकेको निर्वाचनका लागि अहिले जुन प्रकारको उत्साह देखिएको छ अझ खास गरी नयाँ पुस्तामा देखिएको उत्साह र सक्रियताले अझ पनि धेरै परिवर्तनका सङ्केत गरेका छन् । राजनीतिक दल वा भनौँ हरेक उम्मेदवार अब त्यही उत्साहको भावलाई आत्मसात् गर्दै निर्वाचनमा होमिन जरुरी छ । यतिबेला देशका कैयौँ ऐतिहासिक धरोहर, न्यायिक निकाय अनि शासकीय संरचना मात्रै ध्वस्त भएका छैनन्, बरु कैयौँ अमूल्य (नवपुस्ता) जीवन पनि समाप्त भएका छन् । हाम्रा कैयौँ छोराछोरी अपाङ्गता जीवन बाँच्न विवश छन्, त्यसबाट उनीहरूको जीवन, सपना र आशा अनि भरोसा मात्रै सबथोक बिथोलिएको छ । राजनीति बिथोलिएको छ, समाजिक संरचना हल्लिएको छ । राष्ट्र अनि राष्ट्रियतामाथि अनेकन आघातका सङ्केत देखा परेका छन् । यस्तो अवस्थामा आगामी फागुन २१ को निर्वाचन जति भव्य, सभ्य अनि स्वच्छ र निष्पक्ष रूपमा सम्पन्न हुन्छ, त्यत्ति नै यो राष्ट्रको भविष्य अनि राष्ट्रियता सुरक्षित हुन्छ । अनि मात्रै हाम्रो लोकतन्त्र बाँच्छ ।

'राष्ट्रियता भनेको हामी सबै हौँ । हामी तपाईंको अधिकार खोसिएपछि राष्ट्र बलियो हुन्छ भन्ने कुरो मलाई मूर्खताको कुरो जस्तो लाग्छ । तपाईंहरू बलियो हुन सक्नुभयो भने, हाम्रो अधिकार रम्रोसँग प्रयोग गर्न सक्यौँ भने राष्ट्र बलियो हुन्छ । निर्धा, निमुखा, अधिकार नभएको, आफ्नो बुद्धिले सोच्न नसक्ने जनताले कहिल्यै पनि राष्ट्रियताको निर्माण गर्न सक्दैनन्' महान् प्रजातान्त्रिक योद्धा महामानव बिपीले त्यसै भन्नुभएको होइन, 'राष्ट्रियताका लागि पनि प्रजातन्त्र नभई हुँदैन । आफ्नो राजनीतिक अधिकार खोसिएको जनता राष्ट्रियताप्रति जागरुक हुँदैन । प्रजातन्त्र त्यसै पनि वाञ्छनीय लक्ष्य हो । त्यसमा हाम्रो देशको राष्ट्रियताको संरक्षणका लागि अन् यो आवश्यक भएको छ । त्यसैले मैले राष्ट्रियता र प्रजातन्त्र अन्योनाश्रित छन् भन्दै आएको छु । हाम्रो प्रजातान्त्रिक विचारसँग मेल नखाने तत्वसँग हाम्रो राम्रो सम्बन्ध सम्भव छैन ।' त्यसैले नयाँ पुस्तालाई प्रजातन्त्र, लोकतन्त्र अनि राष्ट्र र राष्ट्रियताको महत्व बुझाउनका निम्ति पनि यो ऐतिहासिक निर्वाचनको आफ्नै प्रकारको महत्व छ ।

# विभिन्न विद्यालयमा सरस्वतीको पूजा

मर्चवार, माघ ९ (मेसस) । प्रत्येक वर्ष माघ शुक्ल पञ्चमीका दिन मनाइने श्रीपञ्चमी विद्याकी अधिष्ठात्री देवी सरस्वतीको विधिपूर्वक पूजा आराधना गरी शुक्रबार देशभर मनाइएको छ । वसन्त पञ्चमीका दिन सरस्वतीको पूजा गरे विद्या बुद्धि बढ्ने विश्वास रहेको छ । त्यसैले पनि यस दिन सरस्वतीको पूजा तथा साना बालबालिकाहरुलाई अक्षरारम्भ गराइन्छ। यसैबिच रुपन्देहीको दक्षिणी क्षेत्र मर्चवारका विभिन्न विद्यालयमा सरस्वती पुजा तथा सांस्कृतिक कार्यक्रम सम्पन्न गरिएको छ। शुक्रबार सरस्वतीको फोटोमा पूजाआजा गर्नुका साथ सांस्कृतिक कार्यक्रम गरिएको हो। मायादेवी गाँउपालिका वडा नम्बर ७ हाटीबनगाईस्थित एभरग्रीन प्यासिफिक इङ्लिस हाई स्कुलमा सरस्वतीको पूजाआजा तथा विविध कार्यक्रम सम्पन्न भएको प्राचार्य प्रमोद यादवले बताए।

यस्तैगरी मायादेवी गाँउपालिका वडा नम्बर-६ पिपरहवास्थित मोडेल सन राइज स्कुलमा पनि सरस्वती पूजाको साथमा विविध कार्यक्रम सम्पन्न गरिएको छ। सोही ठाउँमा रहेको नेपाल माउण्ट इभरेष्ट मर्चवार इङ्लिस स्कुलमा सरस्वतीको पूजाआरधना गरिएको विद्यालयले जनाएको छ।

यस्तैगरी मायादेवी गाँउपालिका वडा नम्बर ५ गोनहास्थित रहेको ब्राइट फ्यूचर इङ्लिस स्कुल, कोटहीमाई गाँउपालिका वडा नम्बर ३ मर्यादपुरस्थित मर्यादपुर माध्यमिक विद्यालय, तुनिहवा माध्यमिक विद्यालयमा पनि सरस्वती पुजा तथा विविध कार्यक्रम सम्पन्न भएका छन्।

यस्तैगरी कोटहीमाई गाँउपालिका वडा नम्बर ५ मझगावास्थित पब्लिक भिजन बोर्डिङ स्कुल, मर्चवार आदर्श माध्यमिक विद्यालयमा पनि सरस्वती पूजा तथा विविध सांस्कृतिक कार्यक्रम सम्पन्न गरिएको विद्यालयले जनाएका छन्।

# तिनाउ स्कुलमा अक्षरारम्भ तथा पुरस्कार वितरण

बुटवल, माघ ९ (मेसस) । तिनाउ इङ्लिस बोर्डिङ स्कलमा वसन्त पञ्चमी अवसरमा सरस्वती पुजा तथा अक्षरारम्भ गरिएको छ । विद्यालयकी प्राचार्य सीता पाण्डेको अध्यक्षता र विद्यालय व्यवस्थापन समिति अध्यक्ष यज्ञमूर्ति पाण्डेको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको थियो। सो अवसरमा शैक्षिक सत्र २०८१ का पुरस्कार वितरण कार्यक्रम सम्पन्न गरेको छ। यस विद्यालयको शैक्षिक एवं अतिरिक्त क्रियाकलापको क्षेत्रमा कायम गरेको गुणस्तरलाई विश्वास गरी आगामी शैक्षिक सत्र २०८३ को लागि मन्टेश्वरी कक्षामा विद्यालयले निर्धारण गरेको सिट संख्याभन्दा पनि माथिको उल्लेख्य संख्यामा विद्यार्थी भर्नाका लागि अभिभावकहरूको उपस्थिति प्राचार्य सीता पाण्डेले बताइन्।

अध्यक्ष यज्ञमूर्ति पाण्डेले प्ले विद्यालयलाई अभिभावकत्व ग्रहण गर्ने अवसर प्रदान गरेकामा हार्दिक आभार तथा धन्यवाद व्यक्त गरे । कार्यक्रममा सहप्राचार्य सूर्यप्रसाद पाण्डेले शैक्षिक सत्र २०८१ मा प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीहरूलाई १४१ वटा पदक वितरण गरिएको बताए।

शैक्षिक वर्षका विभिन्न विधाहरूमा ३७२ वटा मेडल एवं नगद पुरस्कार वितरण गरिएको जानकारी बताए। कार्यक्रमको सञ्चालन कक्षा १० का इन्चार्ज अग्निधर पोखरेल र प्राइमरी एसिस्टेन्ट इन्चार्ज एस्मिन गिरीले गरेका थिए।

# व्यापार संघमा वस्तुगत उपसमिति गठन




बुटवल, माघ ९ (मेसस) । आफ्नो वार्षिक कार्यतालिकाअन्तर्गत रुपन्देही व्यापार संघले आफूसंग आबद्ध विभिन्न प्रकृतिका व्यवसाय सञ्चालन गर्ने व्यवसायी सदस्यहरुलाई गोलबन्द गर्ने लक्ष्यअनुसार वस्तुगत भेलालाई तिब्रता दिएको छ । रुपन्देही व्यापार संघमा आबद्ध व्याग तथा जुत्ताचप्पल व्यवसायीहरुको बृहत् भेलाले वस्तुगत उपसमिति पुनर्गठन गरेको छ। संघको सचिवालयमा भएको उक्त भेलाले विजयसिंह रायमाझीको संयोजकत्वमा १४ सदस्यीय व्याग वस्तुगत उपसमिति र उत्तम देवकोटाको संयोजकत्वमा १३ सदस्यीय जुत्ताचप्पल वस्तुगत उपसमिति गठन गरेको हो।

व्याग वस्तुगत उपसमितिको सहसंयोजकमा दिपेन्द्र न्यौपाने, सचिवमा छविलाल चापागाई, कोषाध्यक्षमा किशोर कुँवर, सहसचिवमा शान्ता शर्मा भट्टराई, सदस्यहरुमा यमबहादुर दर्लामी, विष्णु पाण्डे, जीवन काफ्ले, रुमलाल पौडेल, प्रकाश ज्ञवाली, दिनेशप्रसाद पोखेल, सुरज खनाल, रमेश नेपाल, बाबुराम गौतम र सल्लाहकारहरुमा रितेश ज्ञवाली, शंकर पोखेल, अञ्जन श्रेष्ठ, गौतम शाह रहेका छन्। यस्तै जुत्ताचप्पल वस्तुगत उपसमितिको सहसंयोजकमा लक्ष्मण न्यौपाने, सचिवमा कुलराज पौडेल (राजु), कोषाध्यक्षमा कुलराज पाण्डे, सहसचिवमा रविन नेपाल, सदस्यहरुमा राजेन्द्र थापा, अलाउदिन अलि, कृष्ण पौडेल, शरण क्षेत्री, हरिष श्रेष्ठ, विजय नेपाल, अशोक बञ्जाडे, महेश श्रेष्ठ र सल्लाहकारहरुमा गोपाल अधिकारी, दिनेश ज्ञवाली, सूर्य लम्साल, राजु श्रेष्ठ रहेका छन्। भेलामा बोल्दै कार्यक्रमको प्रमुख अतिथि संघका अध्यक्ष प्रकाश ढकालले व्यवसायीहरुको एकताले मात्र व्यवसायिक समस्या समाधान गर्न सकिने बताउँदै संघका लागि वस्तुगत उपसमितिहरु आधारस्तम्भ भएको जिकिर गरे । उनले संघको गरिमा र उद्देश्य पूरा गर्न उपसमितिको सक्रियता र व्यवसायीहरुको खबरदारी जरुरी हुने उल्लेख गर्दै व्यापार संघ सधै व्यवसायीहरुको पक्षमा उभिने प्रतिवद्धता व्यक्त गरे।

भेलामा संघका कोषाध्यक्ष अर्जुनप्रसाद भट्टराई, सचिव जयलाल न्यौपाने, सहसचिव एवं वस्तुगत उपसमितिका संयोजक नलराज नेपाल, कार्यसमिति सदस्यहरु प्रेमनाथ पाण्डे, माधवप्रसाद ज्ञवाली, केदार नेपाल, टेकराज पन्थी, अशोक ज्ञवाली, गोविन्द चापागाई, मुरारीराज भण्डारी, विजय ज्ञवाली, विनित भट्टराई र पूर्वकार्यसमिति सदस्य रितेश ज्ञवालीलगायतको उपस्थिति रहेको थियो । कार्यक्रममा व्याग वस्तुगत उपसमितिको संयोजक विजयसिंह रायमाझीको अध्यक्षता, तथा सचिव छविलाल चापागाईले सञ्चालनमा सम्पन्न भएको थियो।

# भानुभक्त माविको स्वर्णमहोत्सवमा ७० लाख आम्दानी



प्युठान, माघ ९ । मल्लरानी गाउँपालिका-३ बर्बोटस्थित भानुभक्त माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५१ औं वर्ष प्रवेशको अवसरमा आयोजना गरेको स्वर्ण महोत्सव सफलतापूर्वक सम्पन्न गर्दै ७० लाख रुपैयाँभन्दा बढी आम्दानी गर्न सफल भएको छ । गत मंसिर २९ देखि पुस २ गतेसम्म सञ्चालन गरिएको स्वर्ण महोत्सव विभिन्न शैक्षिक, सांस्कृतिक तथा सामाजिक कार्यक्रमसहित सम्पन्न भएको थियो। सो अवसरमा भएको आम्दानी तथा खर्चको विवरण विद्यालयले सरस्वती पूजाको अवसर पारेर सार्वजनिक गरेको हो।

विद्यालयले सार्वजनिक गरेको विवरणअनुसार ७० लाख २० हजार ३ सय २३ रुपैयाँ आम्दानी, २९ लाख ८१ हजार ७ सय ३९ रुपैयाँ खर्च गरेको तथा ४० लाख ३८ हजार ५ सय ८४ रुपैयाँ बचत गरेको छ। बचत हुन आएको रकमलाई विद्यालयले तयार गरेको प्रस्तावनामा उल्लेखित प्रविधिमैत्री शिक्षाको विस्तार तथा शैक्षिक गुणस्तर सुधारका कार्यमा खर्च गरिने विद्यालयका प्राचार्य चक्रपाणी पौडेलले जानकारी दिए। उनका अनुसार उक्त रकमबाट २ थान स्मार्ट बोर्ड खरिद, विद्यालय सुरक्षाका लागि सिसी टिभी क्यामेरा जडान, स्कुल बस सञ्चालन, विज्ञ हरिष वलीको सहभागितामा आगामी वर्षको अभिभावक भेलामा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने, कक्षा ६ देखि ८ सम्म अंग्रेजी माध्यमको शिक्षणलाई निरन्तरता दिनेलगायतका कार्यक्रममार्फत विद्यालयको शैक्षिक स्तर उकास्ने योजना रहेको छ। कार्यक्रमका प्रमुख अतिथि तथा मल्लरानी गाउँपालिका प्युठानका संस्थापक अध्यक्ष अमरध्वज खड्काले ग्रामीण क्षेत्रमा रहेको विद्यालयले सीमित स्रोतसाधनका बाबजुद पनि उल्लेखनीय उपलब्धि हासिल गरेको भन्दै प्रशंसा गरे। उनले शिक्षाको विकासमा समुदाय, अभिभावक र स्थानीय तहबिच सहकार्य अपरिहार्य रहेको बताए। त्यसैगरी मल्लरानी गाउँपालिका-२ का वडाध्यक्ष लेखबहादुर थापाले विद्यालयले पारदर्शी रूपमा आम्दानी-खर्च सार्वजनिक गर्नु सकारात्मक अभ्यास भएको उल्लेख गर्दै आगामी दिनमा स्थानीय तहबाट आवश्यक सहयोग गर्ने प्रतिबद्धता जनाए। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष जिवलाल खत्रीले स्वर्ण महोत्सव सफल बनाउन सहयोग गर्ने सम्पूर्ण दाता, शिक्षक, विद्यार्थी, अभिभावक तथा शुभेच्छुकप्रति धन्यवाद व्यक्त गर्दै विद्यालयलाई नमुना शैक्षिक संस्थाको रूपमा विकास गर्ने लक्ष्यमा समिति दृढ रहेको बताए।

सोही अवसरमा स्वर्ण महोत्सवमा सहयोग गर्ने सहयोगीदाता तथा विद्यालयमा स्थापना गरिएका विभिन्न अक्षयकोषबाट उत्कृष्ट विद्यार्थीहरूलाई सम्मान गरिएको थियो। साथै ग्रामीण क्षेत्रमा रहेको विद्यालयलाई शैक्षिक तथा भौतिक रूपमा सबल बनाउन महत्वपूर्ण योगदान पुऱ्याएको भन्दै विद्यालयका प्राचार्य चक्रपाणी पौडेललाई सहभागी अभिभावकहरूले सम्मानसमेत गरेका थिए।

# स्याउ बगैँचा व्यवस्थापनमा जुटे किसान

जुम्ला, माघ ९ । जुम्लाका किसान यो याममा स्याउका बगैँचा काँटछाँट तथा स्याउका बगैँचा व्यवस्थापन गर्न लागिपरेका छन् । गुणस्तरीय स्याउ उत्पादन गर्न उनीहरु बगैँचा व्यवस्थापनमा लागेका हुन्। विशेषगरी यो याममा स्याउ बगैँचा काँटछाँट तथा व्यवस्थापनमा किसान व्यस्त रहने गरेको तिला गाउँपालिका-१ का पदम बुढाले जानकारी दिए । जिल्लामा स्याउ बगैँचा काँटछाँट तथा व्यवस्थापन अभियान सुरु गरिएको छ । गुणस्तरीय स्याउ उत्पादन गर्ने र किसानलाई स्याउका बिरुवा काँटछाँट तथा व्यवस्थापनसम्बन्धी व्यावहारिक सिप प्रदान गर्ने उद्देश्यले अभियान थालिएको कृषि विकास कार्यालयका प्रमुख रामभक्त अधिकारीले जानकारी दिए।

बोटका फल टिपेलगत्तै यो समयमा काँटछाँट अत्यन्त महत्वपूर्ण मानिएको छ । प्रमुख अधिकारीले भने,'यतिबेला स्याउका बिरुवा सुषुप्त अवस्थामा हुने भएकाले काँटछाँट गर्न उपयुक्त हुन्छ ।' यसै कारण अहिले किसानको बगैँचामै पुगेर स्याउका बगैँचा व्यवस्थापनका विषयमा जानकारी दिने उद्देश्यले अभियान सुरु गरिएको उनको भनाइ छ।

अहिले काँटछाँट, सिँचाइ र मलखादको मात्रा मिलाउन सके उत्पादन राम्रो हुन्छ । स्याउमा लाग्ने रोग नियन्त्रणका लागि नीलोतुथो र चुनाको प्रयोग गर्न यहाँका किसानलाई अहिले सिकाउने काम भइरहेको छ । कार्यालयले यहाँका आठवटै स्थानीय तहका ६० वडामध्ये ३० वडामा पुगेर बगैँचा व्यवस्थापनको तालिम स्याउ किसानलाई दिने तयारी रहेको प्रमुख अधिकारीले बताए।

स्याउको बगैँचा समयमै व्यवस्थापन नगरे स्याउ कम फल्छ। स्याउ कम फलेको खण्डमा हाम्रो आम्दानीको स्रोत हुँदैन । यतिबेलाको समयमा स्याउको स्याहार नगरे गुणस्तर फल दिँदैन। रोगसमेत लाग्ने डर हुन्छ। जसका कारण समयमै स्याउ काँटछाँट गर्न लागेको तातोपानी गाउँपालिका-४ का प्रेम पाण्डेले जानकारी दिए।

जिल्लामा खासगरी पुसदेखि माघको अन्त्यसम्म स्याउका बिरुवा लगाउने र स्याउको बगैँचा काँटछाँट गर्ने समय हो।

धेरैजसोलाई प्राविधिक ज्ञान नहुँदा बगैँचा काँटछाँट तथा व्यवस्थापन किसानले राम्रोसँग नगरेको गुनासो आएपछि यो वर्षदेखि किसानका बगैँचामै कृषि प्राविधिक खटाएर काम गरिने तिला गाउँपालिका अध्यक्ष मोतिलाल रोकायाले बताए।

जिल्लामा चार हजार ४४५ हेक्टर क्षेत्रफलमा स्याउखेती हुने गरेको छ । यसै वर्ष मात्रै १७ हजार ६६५ मेट्रिक टन स्याउ उत्पादन भएको कृषि विकास कार्यालयले जनाएको छ । जुम्लाबाट मात्रै यस वर्ष रु.३१ करोड २९ लाख ८० हजारको स्याउ जिल्लाबाहिर निर्यात भएको कृषि विकास कार्यालयको तथ्याङ्कमा उल्लेख गरिएको छ।

## वैदेशिक विकास सहायता

# सरकारी बजेट प्रणाली बाहिरबाट खर्च हुनेक्रम बढ्दो

काठमाडौं, माघ ३ । नेपालले प्राप्त गर्ने वैदेशिक विकास सहायता रकम राष्ट्रिय बजेट प्रणाली र सरकारी कोषभन्दा बाहिरबाट खर्च हुने क्रम निरन्तर बढ्न थालेको छ। सरकारको वार्षिक बजेट पुस्तिका (रातो किताब) मा समावेश हुने रकमलाई बजेट-भित्र (अन बजेट) र रातो किताबमा समावेश नभइकन खर्च हुने रकमलाई बजेट-बाहिर (अफ-बजेट) को खर्च मानिन्छ।

त्यस्तै, रातो किताबमा समावेश भएको रकम पनि केही सरकारको ढुकुटी अर्थात् सञ्चित कोष प्रणालीमार्फत (अन-ट्रेजरी ) खर्च हुने गरेको छ भने ठुलो रकम कोष बाहिर (अफ-ट्रेजरी) खर्च हुने गरेको छ । अर्थ मन्त्रालयले शुक्रबार सार्वजनिक गरेको 'डेभलपमेन्ट कोअपरेसन रिपोर्ट-२०२२/२३' अनुसार उक्त आर्थिक वर्षमा नेपालले पाएको कुल विकास सहायता रकमको साढे २२ प्रतिशत बजेट प्रणालीभन्दा बाहिरबाटै खर्च भएको देखिएको छ।

प्रतिवेदनअनुसार नेपालले आर्थिक वर्ष २०२२/२३ मा एक अर्ब ४० करोड अमेरिकी डलर बराबरको विकास सहायता प्राप्त गरेकामा एक अर्ब १० करोड हाराहारी अर्थात् करिब ७७ दशमलव पाँच प्रतिशत 'अन बजेट' र ३० करोड ९३ अमेरिकी डलर अर्थात् २२ दशमलव पाँच प्रतिशत अफ बजेट आएको देखिन्छ । 'अन-बजेट' आएको मध्ये पनि ४० दशमलव तीन प्रतिशत अर्थात् ४२ करोड ८१ लाख अमेरिकी डलर मात्र सरकारी कोषबाट खर्च भएको प्रतिवेदनमा उल्लेख छ।

'डेभलपमेन्ट कोअपरेसन रिपोर्ट-२०२१/२०२२' अनुसार सो आर्थिक वर्षमा नेपालले प्राप्त गरेको कुल वैदेशिक विकास सहायताको २० दशमलव आठ प्रतिशत रकम सरकारको वार्षिक बजेटबाहिर (अफ-बजेट) बाट खर्च भएको उल्लेख छ । अर्थात् अघिल्लो आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष २०२२/२३ मा अफ बजेट ओडिए एक दशमलव सात प्रतिशत बिन्दुले बढेको छ । त्यस्तै, आर्थिक वर्ष २०१९/२० मा १६ दशमलव पाँच प्रतिशत र आव २०२०/२१ मा १५ दशमलव सात प्रतिशत अफ बजेट खर्च भएको थियो। आर्थिक वर्ष २०२०/२१ यताका चार वर्षमा मात्रै 'अफ-बजेट' खर्च साढे छ प्रतिशत बिन्दुले बढेको छ।

पछिल्ला वर्षहरुमा विकास सहायता रकम पनि निरन्तर घटिरहेको देखिन्छ। आव २०२१/२२ मा नेपालले अमेरिकी डलर दुई अर्ब ४० करोड बराबरको वैदेशिक विकास सहायता प्रतिबद्धता पाएकामा वास्तविक प्राप्ति अमेरिकी डलर एक अर्ब ४० करोड बराबर थियो।

त्योभन्दा अघिल्लो वर्ष अर्थात् आव २०२०/२१ मा नेपालले अमेरिकी डलर एक अर्ब ७० करोड बराबर विकास सहायता लिएको थियो भने आव २०१९/२० मा पछिल्लो १० वर्षयताकै उच्च अर्थात् अमेरिकी डलर दुई अर्ब बराबर विकास सहायता प्राप्त भएको थियो । विकास सहायता प्राप्तिको यो तथ्याङ्क हेर्दा आव २०१९/२० मा २६ दशमलव नौ प्रतिशतले बढेको थियो भने पछिल्ला वर्षहरुमा निरन्तर घटिरहेको देखिन्छ।

'अफ-बजेट' कुन वर्ष कति ?

अर्थ मन्त्रालयको प्रतिवेदनअनुसार धेरैजसो गैरसरकारी संस्थाहरुले नेपालमा खर्च गर्ने ठूलो रकम गैरबजेटरी देखिन्छ। अर्थ मन्त्रालयको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०१९/२० मा नेपालले दुई अर्ब अमेरिकी डलर बराबर विकास सहायता प्राप्त गर्दा अमेरिकी डलर एक अर्ब ७ करोड अन-बजेट आएको थियो। जुन ८३ दशमलव पाँच प्रतिशत बराबर हो। उक्त वर्ष प्राप्त भएको कुल वैदेशिक सहायतामा १६ दशमलव पाँच प्रतिशत 'अफ-बजेट' खर्च भएको देखिन्छ।

त्यस्तै, उक्त वर्ष ५२ दशमलव आठ प्रतिशत मात्र 'अन-ट्रेजरी खर्च छ। आर्थिक वर्ष २०२०/२१ मा अमेरिकी डलर एक अर्ब ७० करोड वैदेशिक विकास सहायता प्राप्ति हुँदा अमेरिकी डलर एक अर्ब ४० करोड 'अन-बजेट' र अमेरिकी डलर २६ करोड ४७ लाख बराबर 'अफ-बजेट' आएको छ। ८४ दशमलव तीन प्रतिशत बजेट भित्रबाट र १५ दशमलव सात प्रतिशत बजेट बाहिरबाट खर्च भएको छ। उक्त वर्ष ६६ दशमलव ६ प्रतिशत विकास सहायता सरकारी कोष प्रणालीबाट खर्च भएको छ।

त्यस्तै, आर्थिक वर्ष २०२१/२२ मा वैदेशिक विकास सहायतामध्ये 'अन-बजेट' ७९ दशमलव दुई र 'अफ-बजेट' २० दशमलव आठ प्रतिशत बराबर थियो । उक्त आर्थिक वर्षमा 'अन-ट्रेजरी' खर्च भएको विकास सहायताको अंश ५७ दशमलव चार प्रतिशत बराबर छ।

आर्थिक वर्ष २०२२/२३ सम्म आइपुग्दा एक अर्ब ४० करोड अमेरिकी डलर बराबरको विकास सहायता प्राप्त गरेकामा एक अर्ब १० करोड हाराहारी अर्थात् करिब ७७ दशमलव पाँच प्रतिशत 'अन बजेट' र ३० करोड ९३ अमेरिकी डलर अर्थात् २२ दशमलव पाँच प्रतिशत अफ बजेट आएको देखिन्छ । 'अन-बजेट' आएको मध्ये पनि ४० दशमलव तीन प्रतिशत अर्थात् ४२ करोड ८१ लाख अमेरिकी डलर मात्र सरकारी कोषबाट खर्च भएको प्रतिवेदनमा उल्लेख छ।

## सूचीकृत सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/१०/१०

कृष्णनगर नगरपालिका र उद्योग वाणिज्य संघ कृष्णनगरको सम्झौता अनुसार संघको अधुरो भवन निर्माण कार्यका लागि तपसिल बमोजिमको सेवा तथा निर्माण सामग्रीहरू आवश्यक भएकोले यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र उद्योग वाणिज्य संघ कृष्णनगरको कार्यालय समयभित्र निम्न शर्तहरू पूरा गर्न सक्ने इच्छुक सप्लायर्सहरूलाई दर रेटसहित सूचीकृत हुन जानकारी गराइन्छ।

**आवश्यक सेवा सामग्री तथा विवरण:**

१) लेबर कन्ट्याक्ट (दररेट पेश गर्ने) २) पलम्बिङका सामानहरू
३) टायल मार्बल ४) सिमेन्ट ५) बालुवा

**शर्तहरू:**

१. सामग्रीहरूको VAT सहित को दररेट पेश गर्नुपर्नेछ।
२. सामग्रीहरूको VAT बिल दिनुपर्नेछ।
३. सबैभन्दा कम र लामो अवधिको दररेटलाई विशेष ग्राहयता दिइनेछ।
४. सामानहरूको गुणस्तर राम्रो नभएमा, सप्लायर्स भरपर्दो नभएमा खरिद समिति सामग्रीहरू खरिद गर्न वाध्य हुने छैन।
५. दररेट पेश गर्दा फर्म दर्ताको कागजात, कर चुक्ताको प्रमाणपत्र र नागरिताको फोटोकपी पेश गर्नुपर्नेछ।


सम्पर्क:

**उद्योग वाणिज्य संघ भवन निर्माण समिति**

कृष्णनगर, कपिलवस्तु, लुम्बिनी, नेपाल

प्रत्येक दिन आयूर्वेद चिकित्सक द्वारा उपचार तथा परामर्श

पायल्स, फिसर, फिस्टुला
क्षारसुत्र विधिद्वारा विशेष उपचार





डा. सन्तोष गौतम
– बरिष्ठ आयुर्वेद चिकित्सक –
२० वर्ष अनुभवी

दिशा गर्दा दुख्ने, रगत आउने, मासु पलाएको, घाउ भएको, पिप बग्ने, चिलाउने, कब्जियत एवम् सम्पूर्ण रोगको सफल उपचार तथा परामर्श


यौन तथा प्रजनन
यौन चाहना नहुने, उत्तेजना नहुने, यौन सन्तुष्टिमा कमि , सिघ्र स्खलन हुने, सेतो पानी बग्ने, महिनावारी गडबडी, तल्लो पेट दुख्ने, यौन अंग चिलाउने, यौन अंगमा घाउ आउने आदि समस्याको गोपनियताको साथ सफल उपचार एवम् परामर्श

अन्य
ग्यास्ट्रिक, अल्सर, पथरी, पिनास, पिसाव पोल्ने, हात खुट्टा झमझमाउने, जोर्नी दुख्ने, बाथ, यूरिक यसिड, कब्जियत आदि रोगको सफल उपचार तथा परामर्श

माता मनकामना आरोग्य केन्द्र
राजमार्ग चौराह, बुटवल (चौराह चोक देखि 100 मि. उत्तर मेन रोड)
०७१-५३८८९३, ९८४७३५२१२७

## इट्टा चाहिएमा !

तपाईहरुको शहर भैरहवा बुटवलमा बलियो, भरपर्दो तथा टिकाउ L.B.F. मार्का इट्टा चाहिएमा तुरुन्त सम्पर्क गर्नुहोला।



मार्का

सम्पर्कः पडसरी-५, ठुटीपिपल, रुपन्देही
फोनः ९८५७०२३३२०, ९८५७०२३९१४, ९८५७०२३८१३ फयाक्टी
नोटः पाल्पा, स्याङ्जा, गुल्मी, अर्घाखाची लगायत अन्य जिल्लाहरुमा पनि ट्रकमा पठाउने व्यवस्था छ।

## महिला हराएको सूचना

गहु गोरो वर्ण, उचाई अन्दाजी ५.६ फिट भएको वर्ष २३ की **स्नेहा बनियाँ** नाम गरेकी महिला मिति २०८२/०५/१८ गते साँझको ५ बजे सि.न.पा.-४, आफ्नै घरबाट हराएको र हालसम्म कहीँ कसैको सम्पर्कमा नरहेकोले उनलाई देख्नु वा भेट्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरी दिनुहुन अनुरोध गर्दछु।



स्नेहा बनियाँ

पति : गणेश बनियाँ
सि.न.पा.-४, रुपन्देही , सम्पर्क : ९८२४४२८३२४

## शिलबन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावार लिलाम बिक्री सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/१०/१० गते

यस सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.न २७८८ मितिः २०८१/११/२७ को वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ र दाउराहरु मध्ये आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरुलाई डिभिजन वन कार्यलय बाँकेको च.न २०१४ मितिः २०८२/०९/२५ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दी मा रहेका साल, सिरिष र धौटी जातका कुल जम्मा गोलिया थान ५६ को ४८२.९२ क्यू.फिट काठ तथा साल जातको ३.५ चट्टा दाउरा र अन्य जातको १ लाई हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नु पर्ने भएकाले यो सुचना प्रकाशित गरिएको हो। ईच्छुक वन पैदावरको लिलाम बिक्रीमा भाग लिनका लागि डिभिजन वन कार्यालयमा सुचीकृत भएका स:मिल वा कम्पनीले यो पहिलो पटक सुचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र सिलबन्दी बोलपत्र खरिद गर्न र २२ दिन भित्र सिलबन्दी बोलपत्र दर्ता गर्न आहवान गरिन्छ। यस सम्बन्धी बिस्तृत जानकारीको लागी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ।

**श्री पशुपतिनाथ सामुदायिक वन उपभोक्ता समूह**
डुडुवा-०५, बाँके

## मालपोत कार्यालय भैरहवाबाट जारी भएको नामसारी सम्बन्धी ३५ दिने सूचना

जिल्ला रुपन्देही रोहिणी गा.पा. वडा नं. २ बस्ने राम लखन खरविन्दले रोहिणी गा.पा.वडा नं.२ को च.नं.७२५ मिति २०८२/०९/१६ को सिफारिस संलग्न राखी मेरो बुबा गया खरविन्दको मिति २०३७/०१/१० गते मृत्यु भएको र (आमा) निजको एकमात्र पत्नी मोसरी खरविन्दको मिति २०६२/१०/१५ गते मृत्यु भएको। गया खरविन्द र मोसरी खरविन्दबाट जन्मेका छोराहरु रामलखन खरविन्द र नरेश खरविन्द मात्र रहेको। नरेश खरविन्दको विवाह नगरेको अवस्थामा मिति २०८१/१२/१७ गते मृत्यु भएको, निज जिवित रहँदा सम्म सेवा टहल औषधी उपचार दाह संस्कार काज क्रिया समेत मैले गरेको हुँदा बाबु गया खरबिन्दको नाममा दर्ता कायम रहेको पोखरभिन्डी गा.वि.स. वडा नं. २ क कि.नं. ३२६ ज.वी. ०-१०-१५ र ऐ.ऐ वडा नं. ६ख कि.नं.२५१ ज.वी. ०-२-२ जग्गा नजिकको हक खाने में राम लखन खरविन्दको नाममा एकलौटी नामसारी गरीपाउँ भनी मालपोत कार्यालय भैरहवा रुपन्देहीमा माग निवेदन दिनुभएकोमा उक्त जग्गा नामसारी गर्दा सरकारी / सार्वजनिक वा व्यक्तिगत अन्य कसैको हकदैयामा असर पर्ने वा उक्त जग्गा नामसारी गर्न नमिल्ने भए यो सुचना प्रकाशन भएको मितिले ३५ दिनभित्र स-प्रमाण आफैं वा वारेस मार्फत हकदावी गर्नका लागि सरोकारवालामा अनुरोध छ। म्यादभित्र हकदावी उजुर बाजुर नपरेमा प्रचलित कानुन बमोजिम भई जाने व्यहोरा सबैमा अनुरोध छ।

**जग्गाको विवरण**

| सि.नं. | जिल्ला | गा.वि.स. | वडा | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|
| १ | रुपन्देही | पोखरभिन्डी | २क | ३२६ | ०-१०-१५ |
| २ | रुपन्देहि | पोखरभिन्डी | ६ख | २५१ | ०-२-२ |